# बौदीकाली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## डेढगाउँ, नवलपरासी (ब.सु.पू)

गण्डकी प्रदेश, नेपाल

V32P+FV Dedgaun

प.स.: २०८१/८२
च.नं.: १८६५

मिति : २०८२/०२/०१

**विषय : कार्यपालिका बैठकमा उपस्थित हुने बारे ।**

श्री उपाध्यक्ष ज्यू,
श्री वडा अध्यक्ष ज्यूहरु, सबै
श्री कार्यपालिका सदस्य ज्यूहरु, सबै ।

बौदीकाली गाउँ कार्यपालिकाको बैठक तपसिलको मिति, समय र स्थानमा हुने भएकोले यहाँको उपस्थितिको लागि आदेशानुसार अनुरोध छ । बैठकका प्रस्तावहरु यसैसाथ संलग्न रहेको छ ।

<u>तपसिल :</u>

मिति : २०८२/०२/०४ गते
स्थान : बौदीकाली गाउँपालिकाको सभाहल
समय : बिहानको ११:०० बजे

...................................
(उज्वल बहादुर बस्नेत)
प्रमुख प्रशासकीय अधिकृत
उज्वल बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी



CamScanner

## मिति २०८२/०२/०४ गतेको गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :

१. पूर्व निर्णयहरु कार्यान्वयनको समिक्षा सम्बन्धमा ।
२. पूर्ण खोप पालिका घोषणा सम्बन्धमा ।
३. मेडिकल अधिकृतको नियुक्ति सम्बन्धमा ।
४. विविध विषयका सम्बन्धमा ।

आज मिति २०८२/०२/०४ गतेका दिन बौदीकाली गाउँपालिकाका अध्यक्ष श्री प्रकाश ओझा ज्यूको अध्यक्षतामा बौदीकाली गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी निम्नानुसारको प्रस्तावहरु माथि छलफल गरी देहाय बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति :

| क्र.सं. | दस्तखत | नामथर | पद |
|---|---|---|---|
| १ | | श्री प्रकाश ओझा | अध्यक्ष |
| २ | | श्री डिल कुमारी के.सी. सारु मगर | उपाध्यक्ष |
| ३ | | श्री अनिल थापा मगर | वडा अध्यक्ष, वडा नं. १/का.पा.सदस्य |
| ४ | | श्री श्यामसुन्दर श्रेष्ठ | वडा अध्यक्ष, वडा नं. २/का.पा.सदस्य |
| ५ | | श्री तेज बहादुर थापा | वडा अध्यक्ष, वडा नं. ३/का.पा.सदस्य |
| ६ | | श्री मन बहादुर सारु | वडा अध्यक्ष, वडा नं. ४/का.पा.सदस्य |
| ७ | | श्री खिम बहादुर थापा खरु मगर | वडा अध्यक्ष, वडा नं. ५/का.पा.सदस्य |
| ८ | | श्री खुम कुमार सारु मगर | वडा अध्यक्ष, वडा नं. ६/का.पा.सदस्य |
| ९ | | श्री देउमाया रुचाल | कार्यपालिका सदस्य |
| १० | | श्री टिकामाया सार्की | कार्यपालिका सदस्य |
| ११ | तेजमाया | श्री तेजमाया इस्माली गाहा मगर | कार्यपालिका सदस्य |
| १२ | सोमा | श्री सोममाया सार्की | कार्यपालिका सदस्य |
| १३ | | श्री टोपलाल रुचाल | कार्यपालिका सदस्य |
| १४ | | श्री अन्त बहादुर घर्ती | कार्यपालिका सदस्य |
| १५ | | श्री उज्वल बहादुर बस्नेत | सदस्य सचिव/प्रमुख प्रशासकीय अधिकृत |

१६ डिल बहादुर सार्की पू. व. अध्यक्ष (वडा नं. १)

१७ श्री बुद्धि प्रसाद चतुर्वेदी लेखा अधिकृत

१८ श्री मिलन श्रेष्ठ सि.प्र.अ.

बौदीकाली गाउँकार्यपालिकाको मिति २०८२/०२/०४ गतेको आ.व. २०८१/०८२ को बाह्रौं बैठकका निर्णयहरु :

**निर्णय नं.१ :**

प्रस्ताव नं. १ माथि छलफल गर्दा पूर्व बैठकको निर्णय कार्यान्वयनको सन्दर्भमा बैठकमा समिक्षा गरियो । निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाईयो ।

**निर्णय नं.२ :**

प्रस्ताव नं. २ माथि छलफल गर्दा बौदीकाली गाउँपालिकालाई पूर्ण खोप सुनिश्चितता गाउँपालिका घोषणा गर्ने निर्णय गरियो । पहिलो चरणमा गाउँपालिकाका सबै वडाहरुलाई पूर्ण खोप सुनिश्चितता घोषणा गरिएको र हाल सोहि तथ्यांक र सूचकका आधारमा खोप लगाउने उमेर समूहका सबै बालबालिकाले खोप लागाएको सुनिश्चित भए पश्चात पूर्ण खोप सुनिश्चितता गाउँपालिका घोषणा गरियो । खोप पाएका बालबालिकाको तथ्यांक यस अनुसार रहेको छ ।

| वडा नं. | पूर्ण खोप पाएको | | खोप छुटेको |
|---|---|---|---|
| | ०-१५ महिना | १६-२३ महिना | |
| १ | २४ | ५१ | |
| २ | ४२ | १८९ | |
| ३ | १४ | ६१ | १ |
| ४ | १८ | ८५ | |
| ५ | १० | ३० | |
| ६ | १९ | ८५ | |
| जम्मा | १२७ | ५०१ | १ |

**निर्णय नं.३ :**

प्रस्ताव नं. ३ पाथी छलफल गर्दा प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश, पोखरा (अन्तर्वार्ता तथा सिफारिस शाखा) को प.सं. २०८१/०८२ च.नं. ७५३ मिति २०८१/०१/१० गतेको उम्मेदवार सिफारिस सम्वन्धी पत्र अनुसार (विज्ञापन नं. ८००१/२०८१-०८२ सेवा/समूह स्थानीय स्वास्थ्य/ज.हे.स. तह आठौं पद मेडिकल अधिकृत सूचना नं. र निर्णय मिति ५०९/२०८१-०८२ २०८२/०१/१०) यस गाउँपालिकामा सिफारिस हुनुभएका बिरुवा गाउँपालिका-५, स्याङ्गजा स्थायी

CamScanner

बसोबास भएका मेडिकल अधिकृत श्री अविरल वाग्लेलाई स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९ को दफा १६ (१) बमोजिम मिति २०८२/०१/२१ गतेदेखि लागू हुने गरी स्थायी नियक्ति दिने निर्णय गरियो ।

**निर्णय नं.४ :**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा तपसिलका विविध विषयहरुमा छलफल गरियो ।

- बौदीखोलाको दोभानघाट र सेराघाट क्षेत्रमा अवस्थित पक्की पूलको तलमाथि अत्यधिक मात्रामा नदिजन्य पदार्थ जम्मा भै उक्त क्षेत्रका खेतहरु तथा पूल वर्षातको समयमा खोलामा आउने बाढीको कारणले विपदजन्य जोखिममा पर्ने देखिएकोले उक्त क्षेत्रबाट दैनिक चार वटा व्याकहो लोडर र बिस वटा ट्र्याक्टर प्रयोग गरी बिहान ७:०० बजे देखि बेलुका ५:०० बजे सम्म प्राविधिकहरुको प्रत्यक्ष निगरानीमा इस्टिमेट गरे अनुसारको नदिजन्य पदार्थ निकाली ब्रिज फ्री बोर्ड (Bridge Free Board) कायम गर्न र खोलाको बहाबलाई एकीकृत (channalize) गरी कटान न्यूनीकरण गर्न जिल्ला विपद व्यवस्थापन समितमा निर्णयको लागि पठाउने निर्णय गरियो ।
- यस वर्षको मनसुनमा अत्याधिक वर्षा हुने प्रक्षेपण भएकोले मनसुनजन्य विपद न्यूनीकरणका लागि आवश्यक पर्ने खोज, उद्दार तथा राहत सामाग्रीहरुको व्यवस्थापन गर्ने र प्रतिकार्यको लागि ईलाका प्रहरी कार्यालय, डेढगाउँ, नवलपरासी (ब.सु.पू.) लाई आवश्यक स्रोत साधन सहित तयारी अवस्थामा रहन पत्राचार गर्ने निर्णय गरियो ।
- आ.व. २०८१/०८२ को वार्षिक निति, बजेट तथा कार्यक्रम अन्तर्गत शिक्षा, युवा तथा खेलकुद विकास कार्यक्रममा समावेश भएको स्वयंसेवक शिक्षक परिचालन शिर्षकमा रु. ५,००,०००/- बजेट रहेको र सो बजेटबाट साउन देखि चैत्रसम्म कार्यरत स्वयंसेवक शिक्षकलाई निर्वाह खर्च उपलब्ध गराउन रु. ७०,०००/- अपुग भएको हुँदा उक्त अपुग रकम शिक्षा, युवा तथा खेलकुद विकास कार्यक्रम अन्तर्गतको सट्टा शिक्षक व्यवस्थापन शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।
- बौदीकाली-२, डेढगाउँ स्थित श्री संरक्षक कृषि सहकारी संस्था लिमिटेडलाई दर्ता गरी दर्ता प्रमाणपत्र उपलब्ध गराउने सम्बन्धमा बौदीकाली गाउँपालिकाको सहकारी ऐन, २०७४ बमोजिम दर्ता प्रक्रियाको लागि कागजात अपुग भएकोले थप कागजात माग गरी पुनः छलफल गर्ने निर्णय गरियो ।

बौदीकाली गाउँकार्यपालिकाको मिति २०८२/०२/०४ गतेको आ.व. २०८१/०८२ को बाह्रौं बैठकका निर्णयहरु :

- बौदीकाली-४, रुचाङ्ग, ब्याघान स्थित रुचाङ्ग वृहत खानेपानी तथा सरसफाई उपभोक्ता समिति (स्किम-२) लाई बौदीकाली गाउँपालिकाको जलस्रोत तथा मुहान दर्ता सम्बन्धी कार्यविधि, २०८० र बौदीकाली गाउँपालिकाको जलस्रोत ऐन, २०८० बमोजिम दर्ता गरी प्रमाणपत्र जारी गर्ने निर्णय गरियो ।
- बौदीकाली गाउँपालिकाको विभिन्न विषयगत समितिको बैठकका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।
- यस कार्यालयको ठेक्का नं. BRM/NCB/WORKS/03/2081/082 सिंहटारी चोक देखि विपी चोक गाउँपालिका हुँदै अकलादेवी मन्दिरसम्म बाटो कालोपत्रे योजनाको काम निर्धारित समयमा नसकिने भनी ठेक्का पारेको फर्म रुद्र महादेव कन्स्ट्रक्सन प्रा.लि., पोखरा-२९, हेम्जा बाट पत्र प्राप्त भएकोले उक्त ठेक्काको म्याद २०८२ साल जेठ मसान्तसम्म थप गर्ने निर्णय गरियो ।
- यस कार्यालयको ठेक्का नं. BRM/NCB/WORKS/02/2081/082 बौदीकाली चक्रपथ (चापाभञ्ज्याङ्ग-राईका हुँदै सवारी पूल) सडक स्तरोन्नति योजनाको काम निर्धारित समयमा नसकिने भनी ठेक्का पारेको फर्म जीवित कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., टोखा, काठमाडौं बाट पत्र प्राप्त भएकोले उक्त ठेक्काको म्याद २०८२ साल जेठ मसान्तसम्म थप गर्ने निर्णय गरियो ।
- मध्यविन्दु नगरपालिकाको आयोजना तथा यस गाउँपालिका सहित अन्य विभिन्न संघ संस्थाको सहकार्यमा मिति २०८१ साल फाल्गुन २२ गतेदेखि २४ गतेसम्म नवजागरण नमुना मा.वि. को खेलमैदान, मध्यविन्दु-७ मा कृषि प्रविधि प्रदर्शनी तथा रैथाने खाना महोत्सव कार्यक्रम सफलतापूर्वक सम्पन्न भैसकेको र मध्यविन्दु नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको प.सं. २०८१/०८२ च.नं. ३५५६ मिति २०८२/०१/२१ गतेको सहयोग रकम उपलब्ध गराइदिने सम्बन्धी पत्र प्राप्त भएकोले **"विभिन्न संघ संस्था सहायता"** शिर्षकबाट उक्त महोत्सवलाई रु. १५०००/- उपलब्ध गराउने निर्णय गरियो ।
- बौदीकाली-५, बबक स्थित श्री लुंगेलीथर आमा समूहलाई बौदीकाली गाउँपालिकाको संस्था दर्ता ऐन, २०७८ बमोजिम दर्ता गरी दर्ता प्रमाणपत्र उपलब्ध गराउने निर्णय गरियो ।
- बौदीकाली-६, नरम स्थित श्री पारीथर युवा समाज नगरडाडालाई बौदीकाली गाउँपालिकाको संस्था दर्ता ऐन, २०७८ बमोजिम दर्ता गरी दर्ता प्रमाणपत्र उपलब्ध गराउने निर्णय गरियो ।
- बौदीकाली गाउँपालिकाको पकेट क्षेत्र संचालन मापदण्ड, २०८२ पारित गर्ने निर्णय गरियो ।
- बौदीकाली गाउँपालिकाको कृषि तथा पशुपन्छी तथ्यांक अध्यावधिक मापदण्ड, २०८२ पारित गर्ने निर्णय गरियो ।

CamScanner

बौदीकाली गाउँकार्यपालिकाको मिति २०८२/०२/०४ गतेको आ.व. २०८१/०८२ को बाह्रौं बैठकका निर्णयहरु :

- आ.व. २०८१/०८२ को संघीय शशर्त कार्यक्रम अन्तर्गत तरकारी पकेट कार्यक्रमको संचालनको लागि नमुना प्रांगारिक कृषक समूहबाट एक मात्र आवेदन पेश भएकोले सो समूहको कार्यक्षेत्र निर्धारण तपसिल बमोजिम गर्ने निर्णय गरियो ।

  पूर्व : गदाली उत्तर : गेझा

  पश्चिम : चनौली दक्षिण : बौदीखोला

- बौदीकाली गाउँपालिका वडा नं. २ डेढगाउँमा संचालनमा रहेको अकला दुग्ध उत्पादक सहकारी संस्था लिमिटेडलाई भाइब्रेटीङ्ग टेबल खरिद गरी उपलब्ध गराउने र सो को खर्च **"विभिन्न संघसंस्था सहायता"** शिर्षकबाट सम्बन्धित फर्मलाई नियमानुसार भुक्तानी गर्ने निर्णय गरियो ।
- बौदीकाली गाउँपालिकाको वडा नं. ४, ५ र ६ मा वडा कार्यालयबाट नै सामाजिक सुरक्षा भत्ता वितरण कार्य हुँदै आएकोले वितरण कार्यमा सहजीकरण गर्ने पालिकाका कर्मचारी तथा सुरक्षामा खटिने ईलाका प्रहरी कार्यालय, डेढगाउँका प्रहरी कर्मचारीहरुलाई भ्रमण नियमावली अनुसार नियमानुसार भ्रमण खर्च उपलब्ध गराउने निर्णय गरियो ।
- बौदीकाली गाउँपालिका वडा नं. ५, बबक स्थित छमुरे खेतमा सिंचाई कुलो मर्मतको लागि प्राविधिक लागत अनुमान बराबरको रकम "राहत, उद्दार, आर्थिक सहायता र पुनःस्थापना खर्च" शिर्षकबाट स्वीकृत गरी काम सम्पन्न भए पश्चात नियामानुसार भुक्तानी प्रक्रिया हुने भनी निर्णय गरियो ।
- वुङदीकाली समाज काठमाडौंलाई शुभकामना तथा वार्षिक क्यालेन्डर छपाई गरे वापत **"विभिन्न संघसंस्था सहायता"** शिर्षकबाट रु. २७,०००/- (सत्ताइस हजार रुपैया मात्र) उपलब्ध गराउने निर्णय गरियो ।